# तपाईंले NDIS कोष खर्च गर्न सक्ने प्रतिस्थापन सहायताहरू

**Nepali | नेपाली**

सजिलै पढ्न सकिने
(Easy Read)



# यस पुस्तिका बुझ्नको लागि मद्दत



तपाईंको मद्दतको लागि कोहि न कोहि हुन्छ जसले:

- तपाईंलाई यो पुस्तिका बुझ्न मद्दत गर्नेछ
- तपाईंलाई थप जानकारी खोज्न मद्दत गर्नेछ।



सम्पर्कबारे जानकारी यस पुस्तिकाको अन्त्यमा छ।


# यस पुस्तिकाको बारेमा

राष्ट्रिय अपाङ्गता बीमा एजेन्सी (NDIA) ले यो पुस्तिका लेखेको हो।



जब हामी “हामी” शब्द प्रयोग गर्छौं, यसको अर्थ NDIA हो।

हामी राष्ट्रिय अपाङ्गता बीमा योजना वा NDIS प्रदान गर्छौं।



यो पुस्तिका प्रतिस्थापन सहायताहरूको बारेमा हो जहाँ तपाईंले NDIS कोष खर्च गर्न सक्नुहुन्छ।


प्रतिस्थापन सहायताहरू ती सहायताहरू हुन् जहाँ:





- हामीले भनेका थियौँ कि तपाईंले NDIS कोष खर्च गर्न **सक्नुहुन्न**
- तपाईंले केहि अवस्थामा प्रयोग गर्नका लागी हो।

यदि हामी सहमत भयौँ भने तपाईंले प्रतिस्थापन सहायता प्राप्त गर्न अनुमति पाउन **सक्नुहोला**।



प्रतिस्थापन सहायताले:

- तपाईंको योजनामा सहायता बदल्नुपर्छ
- तपाईंको योजनाको सहायता समान वा भन्दा कम लागतको हुनुपर्छ
- तपाईंको योजनामा रहेको सहायता भन्दा तपाईंको लागि उस्तै वा राम्रो हुनुपर्छ।



## तपाईंलाई NDIS कोष खर्च गर्न अनुमति दिन सक्ने सहायताहरू

### व्यावसायिक रूपमा उपलब्ध स्तरीय घरेलु वस्तुहरू



यसको मतलब घरका लागि बस्तुहरू जसले निम्न कुरामा मद्दत गर्न सक्छ:

- अपाङ्गता आवश्यकताहरु
- स्वतन्त्र हुन।



केही मानिसहरू सहायक प्रविधिमा NDIS कोष खर्च गर्न सक्षम हुन सक्छन्।


सहायक प्रविधि भनेको अपाङ्गता भएका व्यक्तिहरूलाई मद्दत गर्ने चीजहरू हुन्।

## स्मार्ट घडीहरू



एउटा स्मार्ट घडी यस्तो चीज हो जुन:

- इन्टरनेटमा जडान हुन्छ
- तपाईंले आफ्नो नाडी मा लगाउन सक्नुहुन्छ।



तपाईंले स्मार्ट घडीमा NDIS कोष खर्च गर्न **सक्नुहोला** यदि:

- यसले तपाईंलाई संचार गर्न मद्दत गर्दछ
- तपाईंले संचार गर्ने सबै भन्दा उत्तम तरिका हुन्छ।

## ट्याब्लेटहरू (Tablets)



एक ट्याब्लेट त्यो चीज हो जुन:


- इन्टरनेटमा जडान हुन्छ
- तपाईं आफ्नो साथमा बोक्न सक्नुहुन्छ।



तपाईंले ट्याब्लेटमा NDIS कोष खर्च गर्न **सक्नुहोला** यदि:


- यसले तपाईंलाई संचार गर्न मद्दत गर्दछ
- तपाईंले संचार गर्ने सबै भन्दा उत्तम तरिका हुन्छ।

## स्मार्ट फोनहरू



एक स्मार्ट फोन यस्तो चीज हो जुन:


- इन्टरनेटमा जडान हुन्छ
- तपाईं आफ्नो साथमा बोक्न सक्नुहुन्छ।



तपाईंले स्मार्ट फोनमा NDIS कोष खर्च गर्न **सक्नुहोला** यदि:


- यसले तपाईंलाई संचार गर्न मद्दत गर्दछ
- तपाईंले संचार गर्ने सबै भन्दा उत्तम तरिका हुन्छ।

## पहुँच र संचार उद्देश्यका लागि Apps (एपहरु)



पहुँच र संचार उद्देश्यका लागि Apps (एपहरु) कार्यक्रमहरू जुन:

- तपाईंले ट्याब्लेट जस्तै केहिमा राख्नुहुन्छ
- तपाईंलाई सञ्चार गर्न मद्दत गर्छ।



तपाईंले एपहरूमा NDIS कोष खर्च गर्न **सक्नुहोला** यदि तिनीहरू:

- तपाईंलाई सञ्चार गर्न मद्दत गर्छन्
- तपाईंलाई संचार गर्न को लागी सबै भन्दा राम्रो तरिका हो।

## यस पुस्तिकाको बारेमा थप जानकारी

यस पुस्तिकाको बारेमा थप जानकारीको लागि, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।




### तपाईं हामीलाई फोन गर्न सक्नुहुन्छ

1800 800 110



### तपाईंले हामीलाई इमेल पठाउन सक्नुहुन्छ

enquiries@ndis.gov.au



### तपाईं व्यक्तिगत रूपमा हाम्रो कार्यालयहरू मध्ये एक मा भ्रमण गर्न सक्नुहुन्छ

तपाईंले आफ्नो स्थानीय कार्यालय NDIS वेबसाइटमा फेला पार्न सक्नुहुन्छ। ndis.gov.au/contact/locations

# NDIA को बारेमा थप जान्नुहोस्




**हाम्रो वेबसाइटमा जानुहोस्**

[ndis.gov.au]

**हाम्रो सामाजिक च्यानलहरूमा हामीलाई पछ्याउनुहोस्**

फेसबुक, ट्विटर, इन्स्टाग्राम, यूट्यूब, LinkedIn

# हामीलाई सम्पर्क गर्न मद्दत प्राप्त गर्नुहोस्

## अंग्रेजी बुझ्न मद्दत चाहिने मानिसहरूका लागि



तपाईंले अनुवाद तथा दोभाषे सेवा (TIS) लाई फोन गर्न सक्नुहुन्छ।

131 450

## बहिरा वा सुन्न नसक्ने व्यक्तिहरूका लागि




तपाईं राष्ट्रिय रिले सेवा प्रयोग गर्न सक्नुहुन्छ।

relayservice.gov.au



तपाईं पाठ सन्देश टेलिफोन मोड (TTY) प्रयोग गर्न सक्नुहुन्छ।

1800 555 677



तपाईं आवाज रिले प्रयोग गर्न सक्नुहुन्छ।

1800 555 727

यो सजिलै पढ्न सकिने (Easy Read) पुस्तिका Scope (Aust) Ltd. द्वारा नोभेम्बर 2024 मा Picture Communication Symbols (PCS) को प्रयोग गरेर सिर्जना गरिएको थियो। PCS, Tobii Dynavox LLC को ट्रेडमार्क हो। सर्वाधिकार सुरक्षित छ। अनुमति लिएर प्रयोग गरिएको। यो पुस्तिका तेस्रो पक्षहरूलाई बेच्नु हुँदैन। अनुमति बिना चित्रहरु पुन: प्रयोग गर्नु हुँदैन। चित्रहरुको बारेमा थप जानकारीको लागि, स्कोप (Scope) लाई 1300 472 673 मा सम्पर्क गर्नुहोस् वा scopeaust.org.au मा जानुहोस्